REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: **10.02.2025**

## परीक्षा पे चर्चा

आज बिहान प्रसारित परीक्षा पे चर्चा कार्यक्रममा सिक्किमको पी एम श्री नाम्ची उच्चतर माध्यमिक विद्यालयका छात्राले पनि भाग लिए। यस कार्यक्रमबारे बोल्दै राज्यको शिक्षा विभागका सचिव, पाठशाला शिक्षा श्री टाशी छोपेल भन्नुहुन्छ।प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा आयोजित चर्चित अन्तरक्रियात्मक कार्यक्रम '**परीक्षा पे चर्चा**' को आठौँ संस्करणमा विद्यार्थीहरूसँगको अन्तरक्रियाका क्रममा, शिक्षा समग्र विकासका लागि हो भन्दै यसको महत्त्वलाई जोड दिनुभयो। उहाँले परीक्षाको समयमा तनाव र चिन्तालाई कसरी हटाउने भन्ने विषयमा विद्यार्थीलाई सम्बोधन गर्नुभयो अनि पोषण र स्वास्थ्यको महत्त्वमा जोड दिँदै, रोग नदेखिनु स्वस्थ हुनु होइन भन्नुभयो। उहाँले चिकित्सा विज्ञानले निद्राको महत्त्वलाई बुझेको भन्दै, निद्रा पोषणमा निर्भर हुने कुरालाई औँल्याउनुभयो र विद्यार्थीहरूलाई बिहानको घाममा समय बिताउन आग्रह गर्नुभयो।

कार्यक्रमको प्रत्यक्ष प्रसारण आकाशवाणी, दूरदर्शन, स्वयम् प्रभा, पीएमओ युट्युब च्यानल अनि शिक्षा तथा सूचना प्रसारण मन्त्रालयका सामाजिक सञ्जाल च्यानलहरूमा भयो। यस संस्करणमा, सबै राज्य र केन्द्र शासित प्रदेशका लगभग छत्तीस विद्यार्थीहरूलाई प्रधानमन्त्रीसँग प्रत्यक्ष अन्तरक्रिया गर्न चयन गरिएको थियो। पाँच करोडभन्दा बढीको सहभागिता रहेको यस वर्षको कार्यक्रमले जनआन्दोलनका रूपमा आफ्नो हैसियत उजागर गर्दै, सामूहिक सिकाइलाई प्रेरणा दियो। **परीक्षा पे चर्चा २०२५** ले विद्यार्थीहरूलाई जीवन र सिकाइका आवश्यक पक्षहरूमा मार्गदर्शन गर्न विभिन्न क्षेत्रका प्रख्यात व्यक्तित्वहरूलाई एकसाथ ल्याएर सात अन्तरदृष्टिपूर्ण प्रकरणहरू प्रस्तुत गरेको छ।

2nd (SSHLC) एस एस एच एल सी मिटिङ

सिक्किम राज्य उच्च स्तरीय समिति (SSHLC) को आज बसेको दोस्रो बैठकको अध्यक्षता सिक्किमका मुख्यमन्त्री श्री प्रेम सिंह तामाङले गर्नुभयो। बैठक नयाँ दिल्ली स्थित Old Sikkim House मा आयोजित भएको थियो। बैठकमा SSHLC का सबै सदस्यहरू, राज्यसभा र लोकसभाका सांसदहरू, उपाध्यक्ष, सिक्किम सरकारका विधायकहरू, क्याविनेट मन्त्रीहरू अनि छोड़िका 12 समुदायहरूका प्रतिनिधि गण तथा सल्लाकार उपस्थित हुनुहुन्थ्यो। बैठकको बेला, होडिस्का 12 समुदायहरूबारे पहिलो मस्योदा रिपोर्ट प्रस्तुत गरियो। SSHLC का सदस्यहरूद्वारा प्रस्तुत यस रिपोर्टमा छलफल अनि विचार विमर्श हुनेछ।

## टिबेटोलोजी

नाम्ग्याल टिबेटोलोजी संस्थानको कार्यकारी बोर्ड र महापरिषद बैठक राजभवनमा संपन्नभयो। सिक्किमका राज्यपाल श्री ओम प्रकाश माथुरले आज देउराली स्थित राजभवनमा बौठकको अध्यक्षता गर्नुभयो। श्री माथुर, एनआईटी देउरालीका अध्यक्ष पनि हुनुहुन्छ। बैठकमा राज्यपालका सचिव अनि आयुक्त श्री जीतेन्द्रसिंह राजले संस्कृति विभागका सचिव श्री बि. के लामा, शिक्षा विभागका उच्च शिक्षा सचिव श्री सेवांग ग्याछो, एन आई टी का निदेशक डा. पासांङ डी फेम्पु आदि गन्यमान्यजनहरू उपस्थित हुनुहुन्थ्यो।

## तामाङ सिक्किम ड्यूक फेस्ट 2025

माननीय मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले 14 फरवरी, 2025 का दिन तीन दिवसीय सिक्किम ब्लू ड्यूक उत्सवको उद्घाटन गर्न आफ्नो सहमति दिनुभएको छ। यो उत्सव 14 फरवरी देखि 16 फरवरी सम्म रानीपुल नजिक सरमसा उध्यानमा आयोजित हुनेछ। सशक्तिपूर्ण तीन दिने कार्यक्रममा प्रौद्योगिकी संस्कृति र खाद्य पदार्थको मेल हुनेछ। यस उत्सवले सिक्किमका विद्यार्थीहरू र युवाहरूलाई नयाँ कुराहरू सिक्ने अनि सृजनात्मक हुने एक अवसर प्रदान गर्नेछ।

## सिएम महामुक्भ

सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङले प्रिवेशी संगममा प्रवित्र स्नान गर्नुभएको छ। यस ऐतिसाहिसक आयोजनामा भाग लिने पूर्वोत्तर भारतका उहाँ पछिल्लो मुख्यमन्त्री हुनुभएको छ। मुख्यमन्त्री तामाङले संगम स्नानलाई आध्यात्मिक रुपान्तरनको अनुभवको रूपमा वानि गर्दै, यो आफ्नो लागि गहिरो शान्तिको क्षण भएको बताउनुभयो।